मिति २०७७।०४।२३ गतेको जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठकका निर्णयहरु

**निर्णय नं. १**

गजेन्द्र नारायण सिंह अस्पतालद्वारा संचालित आइसोलेशन केन्द्रका सम्बन्धमा विगत केही दिन देखि सामाजिक संजाल लगायतका माध्यमहरुबाट आइरहेको समाचार, आइसोलेशन केन्द्रको अवस्था र संचालनमा अस्पताललाई भइरहेको समस्याहरु सम्बन्धमा आजको यस बैठक मार्फत सहभागी सबैलाई जानकारी भयो ।

**निर्णय नं. २**

आइसोलेशन केन्द्रमा देखिएका जायज समस्याहरुलाई सम्बन्धित निकायले सम्बोधन गर्दै जान निर्देशन दिंदै आइसोलेशन केन्द्र र गजेन्द्र नारायण सिंह अस्पतालका स्वास्थ्यकर्मी , एवं कर्मचारीको मनोबल उच्च राख्दै सुरक्षित एवं तनावरहित कार्य वातावरण उपलब्ध गराउन सबै राजनीतिक दल, नागरिक समाज लगायतले आ-आफ्नो क्षेत्र र स्थानबाट सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गजेन्द्र नारायण सिंह अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरु समेत उच्च संख्यामा संक्रमित भइसकेको र सो क्रम बढ्दो रहेको हुँदा अस्पतालको आकस्मिक सेवा समेत प्रभावित हुने सम्भावना देखिएकोले गजेन्द्र नारायण सिंह अस्पतालले आगामी दिनमा विशेष सजगता अपनाई सेवा संचालनलाई उपयुक्त रुपमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
०७७/४/२३
आनन्द कुमार ठाकुर
प्रशा. अ.

**निर्णय नं. ४**

निर्णय नं. ३ मा उल्लेखित व्यहोरा समेत कार्यान्वयन गर्ने उद्देश्यले गजेन्द्र नारायण सिंह अस्पतालमा कार्यरत कुनै पनि स्वास्थ्यकर्मीहरुले बाहिर क्लिनिक वा अन्य कुनै स्थानमा बिरामी जाँच्ने लगायतका कार्य पूर्णत: बन्द गरी सम्पूर्ण ध्यान अस्पताल र आइसोलेशन केन्द्र संचालनमा केन्द्रिकृत गर्ने निर्णय गर्दै सोही अनुरुपका व्यवस्थाका लागि गजेन्द्र नारायण सिंह अस्पताललाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्लामा लक्षण नदेखिएका COVID-19 संक्रमितको बढ्दो संख्यालाई व्यवस्थापन गर्न स्थानीय तहहरुलाई आइसोलेशन केन्द्र संचालन गर्न विगत देखि नै अनुरोध गर्दै आइएको छ । स्थानीय तहहरुको प्रमुख/प्रतिनीधि सहितको जिल्ला संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०३।२२ को बैठकबाट त्यस प्रकारको निर्णय समेत भइ सकेको हुँदा लक्षण नदेखिएका COVID-19 संक्रमितहरुलाई स्थानिय तहहरुमै व्यवस्थापन गर्ने गरी पालिका स्तरमा आइसोलेशन केन्द्र स्थापना एवं संचालन गर्न सम्पूर्ण राजनीतिक दलहरुले आ-आफ्नो दल मार्फत जिल्लास्थित पालिकाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

०७७।४।२३

आनन्द कुमार ठाकुर

प्रशा० अ०